नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ८१ २०८१ साल कात्तिक ६ गते मंगलबार (22 Oct. 2024 Tuesday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सञ्चारमाध्यममा भाषिक विविधता.. ३ पृष्ठमा : नागरिक उड्डयन क्षेत्रको ... ३ पृष्ठमागाजामा द्वन्द्वको तुरुन्तै अन्त्य हुनुपर्छ :

## काँग्रेसद्वारा बिटौरी जग्गाको समस्या समाधानको माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र



**दैनिक समाचारदाता**
**राजविराज, ५ कात्तिक ।**
राजविराज नगरपालिका ६८ विगहा क्षेत्रको बिटौरी जग्गाको समस्या समाधान गर्न माग गर्दै सोमबार नेपाली काँग्रेस सप्तरीले प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।

राजविराज नगरक्षेत्रमा बसोबास गर्ने ४ हजार ६ सय परिवार बर्षौदेखि लालपुर्जा आफ्नो नाममा प्राप्त गर्न नसकेको तथा नक्सापाश समेत रोकिँदा समस्या परेको भन्दै काँग्रेस सप्तरीका पदाधिकारी सम्मिलित टोलीले नगरमा प्रदर्शन पश्चात प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको हो ।

काँग्रेस सप्तरीका सभापति रामदेव साह, उपसभापति रामकुमार यादव र सचिव सनत कुमार मण्डलसहितको टोली जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारी मेखबहादुर मग्राती मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई पठाईएको ज्ञापनपत्रमा बि.स. २०१६ सालमै नगरपालिका घोषणा भई नगरको मुख्य सडक मेनरोड तथा भित्रि सडकको दायाँबायाँ पुस्तौंदेखि बसोबास गर्दै आएका करिब ४ हजार ६ सय परिवार बर्षौदेखि लालपुर्जा पाउन नसकि समस्यामा परेको उल्लेख छ ।

जग्गा वापत नगरपालिकाबाट पाएको बिटौरी रसिदको आधारमा बसोबास र विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैंक र वित्तिय संस्थामा धितो राखि ऋण कर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट बञ्तित भएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

"विगत ७ बर्ष देखि श्रेस्ता र कम्प्युटरमा कुनै रेकर्ड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि नगरवासी बैंक तथा वित्तिय संस्थाबाट पाउनुपर्ने सेवा सुविधाबाट बञ्चित छन्, ज्ञापनपत्रमा भनिएको छ,- बिटौरी जग्गाको बर्षौदेखि कर लिने गरेको राजविराज नगरपालिकाले लालपुर्जा र नक्सापास उपलब्ध नगराउँदा बैंक तथा वित्तिय संस्थाले त्यस्तो जग्गा धितो राख्न मानेका छैनन् । जसकारण व्यापार, व्यवसाय चौपट्ट हुनुका साथै शिक्षा, उपचार र व्यापारिक कारोवार लगायतका काम गर्न पनि नगरवासीलाई समस्या परेको छ ।

पुस्तौं देखि बसोबास गर्दै आएको आफ्नो जग्गा पनि समस्या पर्दा बैंक तथा वित्तिय संस्थामा राखेर ऋण लिन नपाउनु दुखद र निन्दनीय भएको भन्दै ज्ञापनपत्र मार्फत नगरवासी उक्त पीडा अविलम्ब सम्बोधन नभए बाध्य भई चरणबद्धमा उत्रिने चेतावनी समेत दिईएको छ ।

काँग्रेसका क्षेत्रिय सभापति उमेश मिश्र, जिल्ला सदस्य शम्भुलाल देव, प्रेस युनियन सप्तरीका सचिव रामानन्द देव, महिला नेतृ निर्मला चौधरी समेतको उपस्थितिमा उक्त ज्ञापनपत्र बुझाईएको हो ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी मग्राती तत्कालै सम्बन्धित कर्यालययमा पठाउने प्रतिवद्धता जनाएको नेपाली काँग्रेस सप्तरीले जनाएको छ ।

## तीन महिनामा पाँच करोडको नुन बिक्री


जनकपुरधाम, ५ कात्तिक (रासस) ।
साल्ट कर्पोरेसन लिमिटेड शाखा कार्यालय जनकपुरधामले चालु आर्थिक वर्षको तीन महिनामा रु पाँच करोड २३ लाख बराबरको आयोडिनयुक्त नुन बिक्रीवितरण गरेको छ ।

कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को साउन महिनादेखि असोज महिनासम्म आफनो डिलरमार्फत ४५ हजार तीन सय ७० बोरा नुन बिक्री गरेको कार्यालय प्रमुख शुभनारायण साहले जानकारी दिनुभयो । धनुषा, महोत्तरी तथा सिन्धुली कार्यक्षेत्र रहेको सो कार्यालयले तीनवटै जिल्लामा २५ डिलरमार्फत आयोडिनयुक्त नुन बिक्रीवितरण गर्दै आएको छ ।

चालु आर्थिक वर्षमा प्रतिबोरा आयोडिनयुक्त नुन रु एक हजार एक सय ५० का दरले डिलरमार्फत बिक्री भइरहेको प्रमुख साहले बताउनुभयो । कार्यालयले दसैं, तिहार तथा छठ पर्वलाई लक्षित गरी सुपथ मूल्यका पसलसमेत सञ्चालन गरी नुन बिक्री गरिरहेको छ ।

गत असोज ७ गतेदेखि यही कात्तिक २९ गतेसम्मका लागि सञ्चालन गरिने ती पसलबाट असोज ३० गतेसम्ममा चार हजार छ सय प्याकेट नुन बिक्री गरेको प्रमुख साहले बताउनुभयो । सहुलियतदरको पसलबाट प्रतिप्याकेट रु २४ तथा सोझै डिलरमार्फत रु २६ मा बिक्रीवितरण भइरहेको छ । आर्थिक वर्ष २०८०/८१ मा कार्यालयले रु १८ करोड ६२ लाख ८१ हजार मूल्य बराबरको आयोडिनयुक्त नुन बिक्री गरेको थियो ।

## कार्यालयहरुको सेवा भ्रष्टाचाररहित बनाईनु पर्नेमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, ५ कात्तिक ।**
मधेश प्रदेश सभा सदस्य एवं जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवले सरकारी कर्यालयको सेवा चुस्तदुरुस्त, निष्पक्ष र भ्रष्टाचार रहित बनाईनुपर्नेमा जोड दिएका छन् ।

सोमबार जिल्ला प्रशासन कार्यालय सप्तरीमा आयोजित कार्यालय प्रमुखहरुको मासिक बैठकमा उनले यस्तो बताएका हुन् ।

उनले जनसरोकारका विभिन्न कार्यालयहरुमा कर्मचारीद्वारा लेनदेन र काममा ढिलासुस्ती भईरहेको सेवाग्राहीबाट गुनासो आईरहेको भन्दै यसलाई रोक्न प्रमुख जिल्ला अधिकारीले पनि कडाईका साथ आफ्नो भूमिका खेल्नुपर्नेमा जोड दिए ।

"विभिन्न कार्यालयमा सेवा प्रवाहमा समस्या, ढिलासुस्ती, मनपरीतन्त्र तथा आर्थिक चलखेलका कारण बेलाबेलमा जनता र जनप्रतिनिधिबाट समेत आक्रोश व्यक्त भई तनाव उत्पन्न हुने गरेको छ, बैठकको अध्यक्षता गरिरहेका प्रमुख जिल्ला अधिकारी मेखबहादुर मग्रातीको ध्यानाकर्षण गराउँदै उनले थपे, यस तर्फ कडाईका साथ अनुगमन गर्नु जरुरी छ ।"

मधेश प्रदेशका पुर्व शिक्षामन्त्री समेत रहेका उनले सुशासनको प्रत्याभूती गराउन पनि सम्पूर्ण क्षेत्रको सेवा प्रभावकारी बनाईनु आवश्यक

*बाँकी अन्तिम पृष्ठमा*

## स्नातक तहका प्रश्न पत्रहरू अंग्रेजी र नेपाली दुवै भाषामा निर्माण गर्ने

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ कात्तिक ।**
त्रिभुवन विश्वविद्यालयले आगामी वर्षदेखि अंग्रेजी र नेपाली दुवै भाषामा प्रश्न पत्र निर्माण गर्ने भएको छ । वार्षिक परीक्षा प्रणालीअनुसार सबै संकायहरूको स्नातक तहका प्रश्न पत्रहरू अंग्रेजी र नेपाली दुवै भाषामा निर्माण गर्ने भएको हो । अब हुने प्रथम वर्षको परीक्षादेखि अनिवार्य रूपमा लागू गर्ने गरी त्रिविले तयारी गरेको हो ।

त्रिवि प्राज्ञिक परिषद् स्थायी समितिको २०८० साल चैत्र १५ गत बसेको बैठकले

*बाँकी अन्तिम पृष्ठमा*

चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम गरौं

- चाडपर्वमा अनावश्यक तडक-भडक नगरौं,
- जुवातास नखेलौं र मद्यपान नगरौं,
- धार्मिक, सांस्कृतिक मूल्य मान्यता र परम्परा जोगाऔं,
- चाडपर्वलाई सामाजिक सहिष्णुता र मेलमिलापको अवसरका रुपमा प्रयोग गरौं,
- आफ्नो जस्तै अरुको धार्मिक, सांस्कृतिक रीतिरिवाजको सम्मान गरौं,
- चाडपर्व एक आपसमा मिली हर्षोल्लासका साथ मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विकासका सम्भावना एकीकृत रुपमा पहिचान गरौं

सप्तरीमा नौ वटा नगरपालिका र ९ वटा गाउँपालिकाहरु रहेका छन् । सप्तरीका जनताले यसरी नगरपालिका र गाउँपालिका पाएका अधिकारहरुका कारण स्थानीय स्तरमा विकासको ढोका खुलेको छ । जिल्लामा विकासका थुप्रै सम्भावनाहरु छन् । तर यी सम्भावनाहरुलाई मूर्त्त रुप दिन ठोस योजना र दूरदर्शिताका अभावमा केही गर्न सकिन्न । सिंहदरवार अब घरदैलोमा भनिए पनि नगरपालिका र गाउँपालिकाहरुले आफ्ना असिमित अधिकारलाई आत्मसात गरी जबसम्म विकासको बाटो कोर्दैनन तबसम्म नगरपालिका र गाउँपालिकाको मुहार फेर्न सकिन्न । सप्तरीको विकासको पूर्वाधारहरुको अभावमा र यहाँका नेताहरुको कमजोर इच्छाशक्तिका कारण विगतमा जिल्लाले काँचुली फेर्न सकेको थिएन ।

सप्तरी कृषि प्रधान जिल्लाका रुपमा परिचित रहेपनि कृषिलाई लक्षित गरेर दीर्घकालीन र ठोस योजना आउन नसक्नु विकासकै दृष्टिकोणले विडम्बनापूर्ण छ । वर्षौदेखि अविकसित रुपमा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र जस्ता जिल्लाका अपूर्ण पूर्वाधारले सप्तरीको विकासलाई पछाडि धकेलेको छ । सप्तरीमा भएका पर्यटकीय सम्भावनाहरुलाई सूचीकृत गरी त्यसको आन्तरिक एवं बाह्य पर्यटकीय दृष्टिले विकास नहुनु पनि हाम्रा लागि दुःखद हो ।

तसर्थ जिल्लाका सम्भावनाहरुका बारेमा नगरपालिका तथा गाउँपालिकाहरुले एकीकृत रुपमा छलफल गरी विकासका ठोस र दीर्घकालीन योजनाका साथै अघि बढे अवश्य पनि आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक विकास गर्न बेर लाग्ने छैन ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सञ्चारमाध्यममा भाषिक विविधता र राससको मातृभाषाको समाचार सेवा

**सिद्धराज राई**

काठमाडौँ, ५ कात्तिक (रासस) ।

भाषाविना पत्रकारिताको कल्पना गर्न सकिन्न । संसारमा कुनै न कुनै भाषा प्रयोग गरेर नै पत्रकारिता वा आमसञ्चारमाध्यम सञ्चालन भइरहेका छन् । अन्तर्राष्ट्रिय रूपमा संयुक्त राष्ट्र सङ्घले अङ्ग्रेजी, चिनियाँ, फ्रान्सेली, रुसी, अरबी र स्पेनी भाषालाई आधिकारिक प्रयोग गरिरहेको छ । यी सबै भाषामा पत्रकारिता भइरहेको छ । संसारका करिब दुई सयभन्दा बढी देशमा आफ्नो मातृभाषा प्रयोग गरेर नै सञ्चार कर्म भइरहेको छ ।

मातृभाषामा गरिने पत्रकारिता वा सञ्चार कर्म नै मातृभाषा पत्रकारिता हो । नेपालका हकमा राष्ट्रको सम्पर्क भाषा नेपाली र अन्तर्राष्ट्रिय सम्पर्क भाषा अङ्ग्रेजीका अलावा अन्य विभिन्न जातीय र भाषिक समुदायले बोल्ने राष्ट्र भाषामा पत्रकारिताको अभ्यास भइरहेको छ । नेपालका लागि मातृभाषा पत्रकारिताका जन्मदाता धर्म्म आदित्य धर्म्माचार्च (धर्मादित्य धर्माचार्य-जगत्मान वैद्य) हुन्, जसले प्रवास भारत कोलकातामा रहेर नेपाल भाषामा नेपाल संवत् १०४५ ( विसं १९८१) मा 'बुद्धधर्म्म व नेपालभाषा (नेपालिज)' पत्रिका प्रकाशन गरे, जसका प्रकाशकमा नेपाल बुद्धधर्म्म उद्धार सङ्घ थियो ।

धर्माचार्य नै सम्पादक रहेको सो पत्रिका उद्धार सङ्घको धर्म्मप्रचारपत्र तथा बुद्धधर्म, बौद्ध साहित्य र सभ्यता तथा नेपाल भाषा साहित्यमण्डलको मुखपत्र नै थियो । त्यसपछि सत्यमोहन जोशी, आशाराम शाक्य, फत्तेबहादुर सिंह, नवोनाथ झा नवीन, पण्डित सुन्दर झा शास्त्री आदिले नेपालभाषा, मैथिली आदिबाट मातृभाषामा पत्रपत्रिका प्रकाशन गरी मातृभाषा पत्रकारितालाई अगाडि बढाएको इतिहास पाइन्छ । तर मातृभाषामा पत्रकारिता फस्टाउन नसकेको तीतो यथार्थ हामीसामु रहेको छ । मातृभाषामा प्रकाशन भइरहेका सञ्चारमाध्यमको मुख्य समस्य भनेका समाचार सामग्री हो । मातृभाषा बोल्न सजिलो छ । तर मातृभाषा पत्रकारिता गर्न जटिल विषय हो । पत्रकारिता एक प्राविधिक विषय भएकाले जनशक्ति पाउन मुस्किल छ ।

राष्ट्रिय समाचार समिति (रासस)ले विगत ६३ वर्ष अगाडिदेखि नेपाली सञ्चारमाध्यमलाई समाचार सामग्री उपलब्ध गराउँदै आएको छ । तर राससको समाचार पनि नेपाली र अङ्ग्रेजी भाषामा मात्रै सीमित थियो । मातृभाषामा प्रकाशन र प्रसारण भइरहेका सञ्चारमाध्यमलाई राससको सेवाले खासै सहयोग नपुग्दा कतिपय ती सञ्चारमाध्यम बन्द भएका छन् वा बन्द हुने अवस्थामा पुगेका छन् । मातृभाषामा प्रकाशित र प्रसारण भएका सञ्चारमाध्यमको विकास र संरक्षण गर्ने दायित्व राज्यको पनि हो । स्वभावैले रासस राज्यको अङ्ग हो । त्यसैले ती सञ्चारमाध्यमलाई जोगाउँदै मातृभाषाको पत्रकारितालाई विकास गर्न राससले मातृभाषामा समाचार सेवामार्फत सानो प्रयास थलानी गरेको छ । हाल मैथिली, नेपालभाषा र अवधी भाषामा समाचार सेवा दिइरहेको राससको यो प्रयासले सञ्चारमाध्यमलाई बचाउन टेवा पुग्छ भन्ने विश्वास रहेको छ ।

नेपालको संविधान २०७२ ले नेपाल, विविधायुक्त बहुजाति, बहुभाषिक, सांस्कृतिक र बहुधार्मिक देश हो भनेर परिभाषित गरेको छ । संविधानको यही मर्मअनुसार नेपालमा विभिन्न जातजातिको भाषा, संस्कृतिको संरक्षण विकास र उन्नयनमा काम हुँदै आएको छ । संविधानको मर्म र भावनालाई आमसात् गर्ने र त्यसलाई कार्यान्वयन गर्ने दायित्व राज्यका निकायहरूको हो । त्यसैले राससले पनि समावेशी चरित्र भएको नेपाली समाजलाई स्वीकार गरी आफ्नो दायित्व निर्वाह गरिरहेको छ । यही कारण रासस स्थापना भएको ६३ वर्षपछि नयाँ सेवाका रूपमा मातृभाषाको समाचार सेवालाई थप गरेको हो । विसं २०८० माघमा अवधी भाषाबाट सेवा सुरुआत गरेको राससले २०८१ असोज २९ गतेदेखि मैथिली र नेपाल भाषामा समाचार सेवा सुरुआत गरेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा एक सय ४२ जातजाति, एक सय २४ मातृभाषा र १० धर्म रहेका छन् । यी मातृभाषामध्ये एक प्रतिशतभन्दा बढीले बोल्ने भाषा १३ वटा रहेका छन् । मध्यपश्चिम तराईमा बोलिने अवधी भाषा २.९६ प्रतिशत अर्थात् आठ लाख ६४ हजार दुई सय ७६, जनसङ्ख्याले बोल्ने गरेको तथ्याङ्क राष्ट्रिय जनगणना २०७८ मा उल्लेख छ । मध्यपूर्वी तराईमा बोलिने मैथिली भाषा ११.०५ प्रतिशत अर्थात् ३२ लाख २२ हजार तीन सय ८९ जनाले बोल्छन् । त्यस्तै, नेपाल भाषा २.९६ प्रतिशत अर्थात आठ लाख ६३ हजार तीन सय ६८ जनाले बोल्छन् । यी तीनवटै भाषामा पत्रपत्रिका र अनलाइन न्युज पोर्टल नियमित सञ्चालनमा छन् । भौगोलिक क्षेत्रअनुसार रेडियो र टेलिभिजनले समेत समाचार र कार्यक्रम सञ्चालन गरिरहेका छन् । सञ्चारमाध्यम सञ्चालनको हिसाले यी तीनवटै भाषामा प्रकाशन हुने सञ्चारमाध्यमको सङ्ख्या पनि धेरै रहेको छ । राससले मातृभाषामा समाचार सम्प्रेषण गरेपछि सम्बद्ध भाषामा प्रकाशन हुने पत्रिका, रेडियो, टेलिभिजन, अनलाइन र अन्य समाचार संस्थालाई सहयोग पुग्न सक्नेछ भन्ने हाम्रो विश्वास रहेको छ । मातृभाषामा समाचारले आम नागरिकलाई प्रभावकारी सूचना प्रवाह गर्न, भाषाको संरक्षण र विकासमा प्रभावकारी भूमिका निर्वाह गर्नेछ भन्ने हामीलाई लागेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुनै पनि भाषा ५० प्रतिशतभन्दा बढी बोलिँदैन । नेपाली भाषा सबैभन्दा बढी ४४.८६ ले मात्रै बोल्छन् । यो तथ्यले के भन्न सकिन्छ भने नेपाल अल्पभाषिक समुदायको देश हो । देशको जातीय र भाषिक विविधता छ । त्यसैले सञ्चारमाध्यममा पनि भाषिक विविधता छ । यही कारण राससले सञ्चारमाध्यममा बहुलवादलाई स्वीकार गरी मातृभाषामा समाचार सेवा सञ्चालनमा ल्याएको हो । सञ्चारमाध्यमको विषय र सन्दर्भ मात्रै विविधता छ भन्ने बुझाइलाई फराकिलो बनाउने क्रममा अब सञ्चारमाध्यमको भाषामा पनि विविधता छ भनेर हामीले स्वीकार गरेका हौँ । राससको यो सानो कार्यले नेपाली भाषा नबुझ्ने भाषिक समुदायलाई आफ्नै भाषामा सूचना प्राप्त गर्ने अधिकारको सुनिश्चित गर्नेछ भन्ने हाम्रो निष्कर्ष हो ।

राससले स्थापनाकालदेखि नै सरकार र जनताको पुलको रूपमा काम गरिरहेको यहाँहरू सबैलाई जानकारी नै छ । ६३ वर्ष लामो राससको इतिहासमा विभिन्न कालखण्डमा राससको सेवामा परिमार्जन र परिस्कृत गर्ने कार्यहरू हुँदै आएका छन् । समयानुकूल सेवा क्षेत्रको विस्तार र नयाँ प्रविधिको प्रयोग गरी अविछिन्न रूपमा क्रियाशील रहँदै आएको छ । राज्यको अधिकारिक एक मात्र समाचार एजेन्सीका रूपमा रासस २०१८ फागुन ७ गते निरन्तर क्रियाशील रहेको छ । 'सूचना र सञ्चार, जनताको अधिकार' भन्ने मूलमन्त्रअनुसार राज्यले दिने सेवा र सरकारको कामको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना सम्प्रेषण गरेर राससले अलग्गै पहिचान बनाएको छ ।

आजको 'डिजिटल' युगमा आफूलाई समयनुकूल परिवर्तन गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्न, राससले हरसम्भव प्रयास गरिरहेको छ । राससले आफूले दिने सेवालाई विविधीकरण गर्दै लगेको छ । राससले नेपाली र अङ्ग्रेजी भाषामा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार सेवा, आलेख, विचार, फोटो, भिडियो र अडियो सेवा सञ्चालन गर्दै आएको थियो । पछिल्लोपटक राससले मातृभाषाको समाचार सेवा सुरुआत गरेको छ । राससले आर्थिक वर्ष २०८१/८२ को सरुआतदेखि नै नयाँ योजनासहित कार्य गरिरहेको छ । यसै सन्दर्भमा राससको समाचार सेवाको समयसीमा १७ घण्टाबाट बढाएर २४ घण्टा पुऱ्याएका छौँ । यो कार्य सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको तीन महिनाभित्र गर्नुपर्ने काममध्ये एक थियो, जुन कार्य राससले तोकिएकै समयमा २०८१ भदौ १७ गते औपाचारिक शुभारम्भ गरी पूरा गरेको छ । अर्को कार्य भनेको रासस सञ्चारमाध्यम सङ्ग्रहालय हो । रासस कार्यालयको दुईवटा कोठामा, राससले प्रयोग गरेका पुराना सञ्चार सामग्रीहरू र समाचार बुलेटिनसहितको सङ्ग्रहालय सञ्चालनमा ल्याइएको छ ।

राससले आफ्नो सेवालाई विविधीकरण गर्ने क्रममा २०८० पुस २३ गतेदेखि अवधी भाषामा मातृभाषा समाचार सेवा सञ्चालनमा ल्याएको थियो । यो सेवालाई विस्तार गर्ने क्रममा सोमबार मैथिली र नेपाल भाषामा पनि समाचार सेवा शुभारम्भ गरेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आर्थिक सहयोगमा यो सेवा सुरुआत गरेको हो । यो कार्य पनि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको तीन महिनामा गर्नैपर्ने कार्यमध्ये एक थियो । यसरी राससले नेपाल सरकार, सूचना प्रविधि मन्त्रालयको योजनाअनुसार तोकिएकै समयमा काम सम्पन्न गरेको छ । विविधतामा एकता कायम गर्नका लागि राससले सुरुआत गरेको मातृभाषा समाचार सेवाले स्थानीय सञ्चारमाध्यमलाई सहयोग गरी भाषाको संरक्षण गर्न टेवा पुग्ने विश्वास गरिएको छ । पछिल्लो समय नयाँ प्रविधिको विकासले पत्रकारिता गरिरहेका पत्रकार र संस्थालाई चुनौती दिइरहेको अवस्था छ । विश्वस्तरीय समाचार एजेन्सीका रूपमा विकसित गरी विश्वका अन्य समाचार एजेन्सीसँगको प्रतिस्पर्धाका लागि तयार रहनु राससका लागि अपरिहार्य छ । त्यसैले राससलाई यथास्थितिबाट अगाडि बढाउने कार्यमा मातृभाषाको समाचार सेवाले केही योगदान गर्छभन्दा फरक पर्दैन ।

राससको मूल कार्य समाचार सङ्कलन र सम्प्रेषण नै हो । राज्यको आधिकारिक सूचनालाई सञ्चारमाध्यममार्फत जनतासम्म पुऱ्याउने र जनताको विचारलाई राज्यसम्म पुऱ्याउने पुलका रूपमा राससले भूमिका निर्वाह गरिरहेको छ । राज्यले दिने सेवा र सरकारको कामको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना सम्प्रेषण र प्रचारप्रचार गरी सरकारको मुख्य प्रचार साझेदारका रूपमा राससले पहिचान बनाएको छ । हिजो थोरै सञ्चारमाध्यमका लागि अति आवश्यक रहेको राससको समाचार सेवा आज आएर सबै सञ्चारमाध्यमका लागि अपरिहार्य बनेको छ र बन्दै गएको छ । हिजो राससको सेवा खासै प्रयोग नगरी आफ्नै क्षमतामा समाचार उत्पादन गर्ने सञ्चारमाध्यमले समेत अहिले राससको सेवा लिएका छन् । यसो भन्दैमा राससले अहिले गरिरहेको कार्य मात्र पर्याप्त छ भन्ने होइन, परिवर्तित सन्दर्भमा प्रविधिको अधिकतम् उपयोग गरी छिटो, सत्यतथ्य सूचना आम जनतामा पुऱ्याउन राससले धेरै गर्न बाँकी छ । आगामी दिनमा क्रमशः यसमा सुधार हुँदै जाने नै छ । (लेखक राससका महाप्रबन्धक हुनुहुन्छ)

# नागरिक उड्डयन क्षेत्रको समष्टिगत अध्ययनका लागि उच्चस्तरीय समिति गठन

काठमाडौँ, ५ कात्तिक (रासस)।

सरकारले नेपालको नागरिक उड्डयन क्षेत्रको समष्टिगत अध्ययनका लागि उच्चस्तरीय समिति गठन गरेको छ।

मन्त्रिपरिषद्को यही कात्तिक २ गतेको बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिलकुमार सिन्हाको अध्यक्षतामा एक उच्चस्तरीय अध्ययन तथा सुझाव समिति गठन गर्ने निर्णय गरेको हो।

नागरिक उड्डयन क्षेत्रको समष्टिगत अध्ययन विश्लेषण गरी सुरक्षित, भरपर्दो र विश्वसनीय नागरिक उड्डयन प्रणालीको विकास गर्न समितिको गठन भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनाएको छ।

समितिको सदस्यहरूमा हवाई व्यवस्थापन विज्ञ राजेन्द्रबहादुर सिंह, हवाई सुरक्षा विज्ञ भेषराज सुवेदी, हवाई सेवा सञ्चालन तथा गुणस्तर व्यवस्थापन विज्ञ क्याप्टेन रिवाजप्रसाद प्रधान र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव सहसचिव रहनुभएको छ।

मन्त्रालयका सहसचिव एवं प्रवक्ता रामकृष्ण लामिछानले मुलुकको हवाई उड्डयन क्षेत्रको समग्र सुधार गर्न, उड्डन सुरक्षाको अभिवृद्धि गर्दै नेपाली आकाश सुरक्षित रहेको सन्देश दिन के कस्ता काम गर्नुपर्छ भनेर सुझाव दिन उक्त उच्चस्तरीय समिति गठन गरिएको बताउनुभयो।

उहाँका अनुसार समितिका पदाधिकारीलाई पर्यटन मन्त्रालयले सोमबार नियुक्तिपत्रसहित जिम्मेवारी प्रदान गरेको छ। छिट्टै कार्य प्रारम्भ गर्नेगरी पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डेले समितिलाई जिम्मेवारी प्रदान गर्नुभएको हो।

प्रवक्ता लामिछानेले नागरिक उड्डयन क्षेत्रको समग्र सुधारका लागि पुराना सम्पूर्ण सुझाव र सिफारिसलाई एकमुष्ट कार्यान्वयनका लागि सिफारिस गर्ने समितिलाई जिम्मेवारी रहेको उल्लेख गर्नुभयो।

# नेपाल रेडक्रस केन्द्रीय कार्यसमिति पुनर्गठनः रेडक्रस ऐन ल्याउन माग

काठमाडौँ, ५ कात्तिक (रासस)।

नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमिति ५२ सदस्यीय बनेको छ। यही कात्तिक २ गते बसेको केन्द्रीय कार्यसमिति बैठकले मौजुदा कार्यसमितिमा वरिष्ठ उपाध्यक्षसहित १७ सदस्य मनोनय गरेको हो। बैठकले वरिष्ठ उपाध्यक्षमा चन्द्रकला कार्कीसहित अन्य सदस्य मनोनयन गरेको सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले राससलाई जानकारी दिनुभयो। यसअघि नेपाल रेडक्रसमा ३५ सदस्यीय कार्यसमिति थियो।

बैठकले आगामी मङ्सिर २६ र २७ गते विधान महाधिवेशन आह्वानसमेत गरेको छ। नेपाल रेडक्रसलाई थप एकताबद्ध बनाउन गरिएका प्रयासलाई विधान अधिवेशनबाट व्यवस्थित गरिने महामन्त्री श्रेष्ठको भनाइ छ। विधान महाधिवेशनबाट निर्वाचन गरी अहिले देखिएका मतभेदलाई अन्त्य गर्ने दुवै पक्षबीच सहमति भएको उहाँले बताउनुभयो।

संस्थाको सुदृढीकरण, संस्थामा लामो समयदेखिको विवादलाई अन्त्य गर्नका लागि र सामूहिक प्रतिबद्धतासहितका सुधारका कार्यहरू अगाडि बढाउने बैठकको निर्णय छ। अध्यक्ष प्रा सुदर्शनप्रसाद नेपालले सबै सरोकारवालासँगको निरन्तर संवाद, छलफल, सहमतिलाई निरन्तरता दिँदै वैधानिक र दीर्घकालीन रूपमा समस्या समाधान गर्न वर्तमान कार्यसमिति समिति प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो।

वर्तमान कार्यसमितिको विपक्षमा रहेका पक्षले केन्द्रीय कार्यसमितिको गठन, निर्वाचन तथा यससँग सम्बन्धित अदालतमा विचाराधीन मुद्दा फिर्ता लिने प्रक्रिया अगाडि बढिसकेको उहाँले जानकारी दिनुभयो। संस्थाको मौजुदा विधानमा मुलुकको सङ्घीयतासँग अनुकूलन, समावेशीकरण, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासङ्घको मापदण्डसँग सामञ्जस्यतालगायत आधारमा समसामयिक सुधारका लागि एक समिति गठन गरिएको अध्यक्ष नेपालले जानकारी दिनुभयो।

उहाँले संसारका अधिकांश मुलुकमा छुट्टै कानुनद्वारा रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटी सञ्चालन भइरहेका सन्दर्भमा नेपालमा हालसम्म पनि रेडक्रस ऐन जारी हुन नसकाले सरकारसँग समन्वय र सहयोगका लागि सो समिति गठन गरिएको बताउनुभयो।

# हेटौंडा-कुलेखानी-सिस्नेरी-काठमाडौं सडक खुल्यो

बागमती, ५ कात्तिक (रासस)।

हेटौँडा-काठमाडौँलाई जोड्ने हेटौँडा-कुलेखानी-फाखेल-सिस्नेरी-काठमाडौँ सडकमा दुईतर्फी नै यातायात सञ्चालनमा आएको छ।

मकवानपुरको इन्द्रस्वरोवर गाउँपालिका-२ सिमखोलास्थित सडकमा ह्युमपाइप राखेर मर्मतसम्भार भएपछि सो सडक दुईतर्फी नै यातायात सञ्चालनमा आएको मकवानपुर जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो।

गत असोज १० देखि १२ गतेसम्मको अविरल वर्षासँगै आएको बाढी र पहिराले सडक क्षतिग्रस्त भएको थियो। तत्काल मर्मतसम्भार गरेर असोज २० गतेदेखि सडकमा यातायात सञ्चालन भए पनि सडकमा ह्युमपाइप राख्नुपर्ने जनाउँदै यही कात्तिक २ गतेदेखि एकतर्फी मात्र बाटो खुलेको थियो। सडकको मर्मत सम्पन्न भएपछि दुईतर्फी बाटो सञ्चालनमा आएको प्रहरी नायब उपरीक्षक अर्यालले बताउनुभयो।

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय**
**कठौना, सप्तरी**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुंदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

## विश्व समाचार

### गाजामा द्वन्द्वको तुरुन्तै अन्त्य हुनुपर्छ : राष्ट्रसंघ

न्यूयोर्क, ५ कात्तिक (रासस/क्यूएनए)।

मध्यपूर्व शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रसङ्का विशेष संयोजक टोर वेन्नेसल्यान्डले गाजामा नागरिकहरूमाथि जारी इजरायली आक्रमणको निन्दा गर्दै युद्ध लम्बिएमा हुने मानवीय सङ्टबारे चेतावनी दिँदै द्वन्द्वको तत्काल अन्त्य गर्न आग्रह गर्नुभएको छ। गैर-लडाकुहरूको रक्षा गर्न, प्यालेस्टिनीहरूको थप विस्थापन रोक्न र बन्दीहरूको तत्काल सुरक्षित रिहाई गर्न आवश्यक रहेको वेन्नेसल्यान्डले बताउनुभयो।

प्रभावित क्षेत्रमा मानवीय सहायता निर्बाध रूपमा प्रदान गरिनु पर्ने बताउँदै वेन्नेसल्यान्डले जीवन बचाउ सहयोगलाई खाँचोमा परेकाहरूसम्म पुग्न अनुमति दिन आग्रह गर्नुभयो। वेन्नेसल्यान्डले उत्तरी गाजाको अवस्थालाई इजरायली हवाई आक्रमण र बिग्रँदै गएको मानवीय अवस्थाले चिह्नित गरेको विडम्बनाको रूपमा वर्णन गर्दै बेत लाहियामा भएको विनाशबारे उल्लेख गर्नुभयो।

बेत लाहियामा रातभरिमा कम्तिमा ८७ प्यालेस्टिनी मारिएको बताइएको छ भने विनासकारी आक्रमणका कारण धेरै जना भग्नावशेषमुनि पुरिएको अनुमान गरिएको छ। पछिल्लो समयमा 'गाजामा विनासकारी द्वन्द्व तीव्र हुँदै गइरहेको जनाउदै उहाँले द्वन्द्व, निरन्तर इजरायली हमला र बढ्दो मानवीय सङ्कटको बिचमा उत्तरी गाजापट्टीमा डरलाग्दो अवस्था देखा परेकाले गाजामा कतै पनि सुरक्षित नभएको बताउनुभएको छ।

यस्तो अवस्थामा अगाडि बढ्न साहस, राजनीतिक इच्छाशक्ति र नयाँ तथा प्रवावकारी समन्वय र संवाद चाहिने उहाँले बताउनुभयो।

### गाजाका एक हजार महिला र बालबालिकालाई तत्काल यूरोप स्थानान्तरण गरिने : डब्ल्यूएचओ

कोपेनहेगन, ५ कात्तिक (रासस/एएफपी)।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को युरोप शाखाका प्रमुखले गाजाबाट एक हजार महिला तथा बालबालिकालाई चाँडै नै युरोप ल्याइने बताउनुभएको छ। युद्धले तहसनहस भएको प्यालेस्टाइनी भूभागलाई घेरेको इजरायलले आगामी केही महिनाभित्र थप एक हजार चिकित्सकीय उद्धारका लागि युरोपेली सङ्घलाई सहयोग गर्न प्रतिबद्ध रहेको हान्स क्लुजले एएफपीलाई दिएको अन्तर्वार्तामा बताउनुभएको छ।

उहाँले संयुक्त राष्ट्रसङ्घको स्वास्थ्य निकाय डब्लुएचओ र यसमा संलग्न युरोपेली मुलुकले उद्धारमा सहजीकरण गर्ने बताउनुभयो। बिहीबार संयुक्त राष्ट्रसङ्घका अनुसन्धानकर्ताहरूले इजरायलले गाजाका स्वास्थ्य संस्थाहरूलाई जानाजानी निशाना बनाएको र त्यहाँका स्वास्थ्यकर्मीहरूको हत्या र यातना दिइरहेको आरोप लगाएका थिए। कब्जा गरिएका प्यालेस्टाइनी क्षेत्रहरूमा डब्ल्यूएचओका प्रतिनिधि रिक पिपरकोर्नले मे महिनामा गाजाबाट लगभग १० हजार मानिसलाई तत्काल चिकित्सा सेवाको लागि बाहिर निकाल्नु आवश्यक रहेको बताएका थिए।

सन् २०२३ को अक्टोबरमा गाजामा युद्ध सुरु भएयता विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) युरोपले गाजाबाट युरोपका सात वटा देशमा ६०० चिकित्सकीय उद्धारको व्यवस्था गरिसकेको छ। क्लुजले भन्नुभयो, "यदि हामीले वार्ता (खुला) नराखेको भए यो कहिल्यै हुने थिएन।" "युक्रेनका लागि पनि यही कुरा सत्य हो," उहाँले भन्नुभयो। "म सबै साझेदारहरूसँग संवाद (खुला) राखिरहेको छु।

"अहिले युक्रेनको कब्जामा रहेको क्षेत्र डोनबासमा १५ हजार एचआइभी एड्सका बिरामीले एचआइभी एड्सको औषधि लिइरहेका छन्," स्वास्थ्यलाई राजनीतिकरण नगर्नुको महत्वमा जोड दिँदै ५५ वर्षीय बेल्जियनले भन्नुभयो। "सबैभन्दा महत्वपूर्ण औषधि शान्ति हो" उहाँले भन्नुभयो, "द्वन्द्वग्रस्त क्षेत्रमा स्वास्थ्यकर्मीलाई काम गर्न दिनुपरेको छ।" डब्लुएचओका अनुसार फेब्रुअरी २०२२ मा रूसले आक्रमण गरेयता युक्रेनका स्वास्थ्य केन्द्रहरूमा करिब दुई हजार आक्रमणहरू दर्ता भएका छन्।

उहाँले भन्नुभयो, "एक प्रकारको स्वीकार्यता हुन सक्छ तर यसले हरेक पटक आक्रोश पैदा गर्छ।""हामी यसको कडा शब्दमा भर्त्सना गरिरहनेछौं।" क्लुजले युक्रेनमा तेस्रो पटक हुने युद्धको पूर्वसन्ध्यामा चिन्ता व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभयो, "नागरिक ऊर्जा ग्रिडको ८० प्रतिशत क्षतिग्रस्त वा नष्ट भएको छ। अस्पतालहरूमा सर्जनहरूले आफ्नो टाउकोमा बत्ती राखेर काम गरिरहेको हामीले देख्यौं, सर्जनहरूले आफ्नो टाउकोमा बत्ती राखेर काम गरिरहेका थिए।" "यो जाडो समय बत्तिको अभावमा निकै कठिन हुनेछ," उहाँले भन्नुभयो। युरोपको स्वास्थ्य सेवा प्रणालीमा तनाव भएपनि डब्ल्यूएचओको युरोपेली क्षेत्रमा मध्य एसियाली देशहरू पनि सामेल छन्। यहाँका ५३ देशहरू भविष्यको महामारीको तयारीका लागि एकसाथ आउन तयार रहेको उहाँले बताउनुभयो।

### दिल्लीको वायु गुणस्तर खराब स्तरमा

नयाँदिल्ली ५ कात्तिक (रासस/एएनआई)।

भारतको राजधानी नयाँदिल्लीमा सोमबारको वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) ३४९ मा झरेको छ। चीसोमा मौसम, पूराना गाडीहरूबाट निस्केको धुवाँ र धुलोका कारण राजधानीको वायु प्रदुषणलाई ढाकेका वायुको गुणस्तरमा वर्गीकृत भएको छ। पछि धुवाँले राजधानीलाई ढाकेको छ। केन्द्रीय प्रदूषण नियन्त्रण बोर्डका अनुसार राजधानीको शकुरपुर र वरपरका क्षेत्रमा प्रदूषणको तह 'अति खराब' अर्थात् एक्यूआई ३४६ रेकर्ड गरिएको थियो।

इन्डिया गेट नजिकैका वरपरका क्षेत्रहरूमा एक्यूआईको तह ३०९ रेकर्ड गरिएको छ भने सफदरजङ्गमा ३०७ रेकर्ड गरिएको छ। यो तहले वायुको खराब गुणस्तरलाई चिन्ह्ति गर्छ। यसैबीच, भारतका नदीहरूमा प्रदूषणको स्तर बढ्दै जाँदा यमुना नदीमा विषाक्त फोम तैरिरहेको देखिएको जनाइएको छ। वातावरणविद् विमलेन्दु के झाले यस घटनालाई दिल्लीको वातावरण मैन्त्री शासनको पूर्ण उपहासको रुपमा व्याख्या गर्नुभएको छ। उहाँले प्रदूषण दिल्लीबाटै भएको उल्लेख गर्नुभएको छ।

यसअघि एएनआईसँग कुरा गर्दै इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी, कानपुरको कोटक स्कुल अफ सस्टेनेबिलिटीका डिन प्रोफेसर सच्चिदानन्द त्रिपाठीले 'यमुना नदीमा विषाक्तताको प्रभाव खतरनाक रहेको बताउनुभएको थियो। उहाँका अनुसार साबुन, डिटर्जेन्ट र अन्य प्रदूषकहरूबाट नदीमा बग्ने फोहोर पानीमा ठूलो मात्रामा मिसिनाले बारम्बार यस्ता घटना हुने गर्छन्।

# २७ वर्षदेखी सुरु भएको खानेपानी आयोजना अझै अधुरै



**दैनिक समाचारदाता राजविराज, ५ कात्तिक ।**
सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ७ स्थित हनुमानगर बजारमा २७ वर्ष अघि सुरु भएको खानेपानी आयोजनाको निर्माण कार्य अझ सम्पन्न हुन सकेको छैन ।

स्थानिय स्वास्थ्य चौकी परिसरमा बि.स. २०५४ सालमा निर्माण कार्य थालिएको खानेपानी आयोजना हालसम्म पिउने पानी योग्य बन्न नसकेको स्थानियले बताएका छन् ।

तत्कालिन हनुमानगर गाउँ बिकास समितिको पहलमा निर्माण थालिएको उक्त आयोजना अझै पुरा हुन नसक्दा शुद्ध खानेपानीबाट हनुमाननगरबासी बञ्चित हुँदै आएका छन् । देशमा संघीयता आएपछि सडक निर्माण, बत्ति, बजारीकरणमा वृद्धि भएपनि हनुमाननगरवासी खानेपानीबाट बञ्चित छन् ।

स्थानीय बेचन खडगाले नगरपालिकाले पनि यसप्रति कहिले गम्भिरता नदेखाएकोले हामी खानेपानी पिउनबाट बञ्चित भएका छौं, उनले भने, " आयोजना सम्पन्न भएमा यस क्षेत्रका करिब दश हजार भन्दा बढी जनता लभान्वित हुनेछन् ।"

उनले भने "स्वास्थ्य चौकी नजिकै निर्माण सुरु गरिएको शुद्ध खानेपानी निर्माण भए स्वास्थ्य सेवा लिन आउने आमजनताले पनि शुद्ध खानेपानी पाए राम्रो अनुभुति पाउन सक्ने छन् ।"

खानेपानी ट्याङ्की ७५ प्रतिशत निर्माण भइसकेको तर, राजनैतिक खिचातानीले अहिलेसम्म ओझेलमा परेको अर्का स्थानिय राजेन्द्र मिश्रले बताए । उनले भने, "पानी ट्याङ्की निर्माण गरेर पाइप लाइन बिछाउने कार्य अधुरै रहेको छ, पाइपलाईन तानेर शुद्ध पानी दिन अहिलेसम्म नसकिएको कारण नगरबासी आइरनसहितको ट्युवेलका पानी खान बाध्य रहेका छन् ।"

करिब ३ करोडको लागतमा निर्माण थालिएको खानेपानी पहिलो किस्तामा केही काम भएर १०/१५ बर्षदेखि बिभिन्न राजनैतिक खिचातानी र उपभोक्ता गठनमा बाधा अवरोध भएर ओझेलमा परेको हो ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय राजविराजले २८ लाखको टेन्डर आह्वान गरेपछि पुनः निर्माण कार्य थालिएको तर, हाल दुई/चार बर्ष यता फेरी काम ठप्प हुनाले आयोजना पुरा हुन सकेको छैन । यस्तै दोश्रो पटक पुनः टेन्डर आह्वान गरेपछि शान्ति निर्माण सेवा फर्सेठले बि.स. २०७४ सालमा ठेक्का पाएको थियो ।

उक्त निर्माण सेवाले काम सुरु गरे पनि १३ लाख भुक्तनी नपाएपछि निर्माण कार्य ठप्प भएको थियो । समयमा भुक्तनी नपाएपछि आफुहरु काम गर्न असमर्थ रहेको उक्त निर्माण सेवाका संचालक नारायण यादवले बताए ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय राजविराजले म्याद नथपेका कारण समेत खानेपानी निर्माण अवरुद्ध भएको छ । त्यहाँ ५ लाखको पाइप, सिमेन्ट, १ हजार पिस बाँस लगायतका सामानहरु आठ बर्षदेखि अलपत्र अवस्थामा राखिएको छ ।

# एक लाख ५० हजार थप किसान सूचीकृत

काठमाडौं, ५ कात्तिक (रासस) ।
वर्तमान सरकार गठन भएको एक सय दिनको अवधिमा एक लाख ५० हजार थप किसान सूचीकृत भएका छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार हालसम्म सूचीकृत हुने कृषकको सङ्ख्या १९ लाख ३३ हजार पुगेको छ ।

किसान परिचयपत्र वितरणका लागि कार्यविधि स्वीकृतिको प्रक्रियामा रहेको मन्त्रालयले तयार पारेको एक सयदिने प्रगति विवरणमा उल्लेख छ । चालु आर्थिक वर्षका लागि विनियोजन गरिएको बजेटबाट रासायनिक मल आयात गरी बिक्री वितरण गर्न हालसम्म चार लाख ६० हजार 'मेट्रिक टन' मलको 'टेन्डर' सम्पन्न भएको छ । जसमा एक लाख ५५ हजार मेट्रिक टन रासायनिक मल आयात भएको छ । अघिल्लो वर्षको मौज्दातसमेत गरी एक लाख २९ हजार मेट्रिक टन मल बिक्री वितरण भइसकेको छ ।

अनुदानको मल बिक्री वितरण प्रक्रियाको सरलीकरणका लागि व्यवस्थापन निर्देशिका, २०७७ को संशोधन प्रस्ताव सहमतिका लागि अर्थ मन्त्रालय तथा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने तयारी भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

उखु उत्पादक कृषकलाई उखु बिक्री गरी क्रसिङ गराएबापत प्रतिक्विन्टल रु ७० का दरले गत आर्थिक वर्ष २०८१/८२ को रु एक अर्ब ४४ करोड ९२ लाख ३८ हजार प्रोत्साहन अनुदान रकम उपलब्ध गराउन मधेस प्रदेशका आठ जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा भई कृषकलाई भुक्तानी गरिएको छ । बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ स्वीकृत भई कार्यान्वयनमा रहेको छ । यस अवधिमा पशुधन बीमातर्फ ३७ हजार ६ सय ११ र बाली बीमातर्फ तीन सय २३ बीमालेख जारी भएको छ ।

मन्त्रालयस्तरको समितिबाट सहमति प्रदान गरिएको र विभागहरूबाट प्राधिकरणको खातामा निकासा भइसकेको छ । खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्न दुई हजार सात सय ४६ बजार अनुगमन तथा निरीक्षण गरिएको मन्त्रालयले जनाएको छ । भन्सार नाकामा आयात हुने फलफूल तथा तरकारीको १३ हजार ६१ नमूनामा यन्त्र प्रयोग गरी विषादी अवशेष परीक्षण गरिएको छ ।

गत असोज ९ गते कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले गर्नुभएको मन्त्रिस्तरीय निर्णयअनुसार दुग्ध विकास संस्थानको पुनर्संरचना एवं व्यावसायिक सुधारको कार्ययोजना बनाउन राष्ट्रिय किसान आयोगका सदस्यसचिवको संयोजकत्वमा आठ सदस्यीय कार्यदल गठन गरी कार्ययोजना तयार भएको छ । नेपाल सरकारले रु ६० करोड सहुलियत पूर्ण कर्जा प्रवाह गरी अधिकांश कृषकको जेठ मसान्तसम्मको दूधको भुक्तानी गरिएको मन्त्रालयले जनाएको छ ।

# कार्यसम्पादन कमजोर भएका संस्थानको निजीकरण वर्गीकरणका लागि सिफारिस गर्ने निर्णय

काठमाडौं, ५ कात्तिक (रासस) ।
निजीकरण समितिले बन्द, रुग्ण र कार्यसम्पादन कमजोर भएका केही संस्थानहरूको निजीकरण वर्गीकरणका निम्ति मन्त्रिपरिषद्मा प्रस्ताव सिफारिस गर्ने निर्णय गरेको छ ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षतामा समितिको सोमबार बसेको बैठकले जनकपुर चुरोट कारखाना, नेपाल मेटल कम्पनी, हेटौँडा कपडा उद्योगको वर्गीकरणका लागि प्रस्ताव सिफारिस गर्ने निर्णय गरेको हो । यस्तै विराटनगर जुट मिल, बुटवल धागो कारखाना, गोरखाकाली रबर उद्योग, उदयपुर र हेटौँडा सिमेन्ट कारखानाको पनि वर्गीकरणका लागि प्रस्ताव सिफारिस गर्ने निर्णय भएको छ ।

मन्त्रिपरिषद्बाट वर्गीकरण भएपछि सम्पत्ति तथा दायित्व मूल्याङ्कनका लागि विशेषज्ञसहितको अध्ययन समिति गठन गरिनेछ । सम्पत्ति र दायित्व मूल्याङ्कन भएपछि विज्ञसहितको सुझावका आधारमा निजीकरणको ढाँचा र प्रक्रिया पहिचान गरी नेपाल सरकार समक्ष सिफारिस गरिनेछ ।

समितिको बैठकमा दिइएको जानकारी अनुसार जनकपुर चुरोट कारखाना, नेपाल मेटल कम्पनी, हेटौँडा कपडा उद्योग, विराटनगर जुट मिल, बुटवल धागो कारखाना र गोरखकाली रबर उद्योग विगत लामो समयेदेखि बन्द र रुग्ण छन् । यसैगरी उदयपुर र हेटौँडा सिमेन्ट कारखानाको कार्य सम्पादन स्तर कमजोर हुनुका साथै निरन्तर घाटामा रहेका छन् ।

बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी, सङ्घीय संसद् अर्थ समितिका सभापति सन्तोष चालिसे, प्रतिनिधिसभा सदस्य तथा निजीकरण समितिका सदस्य राजन केसी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकाल, मन्त्रालयका सचिवलगायत सहभागी हुनुहुन्थ्यो ।

# वीरगञ्ज भन्सार कार्यालयको राजस्व संकलनमा सुधार

पर्सा, ५ कात्तिक (रासस) ।
वीरगञ्ज भन्सार कार्यालयमा हुने राजस्व सङ्कलनमा क्रमिक सुधार देखिएको छ । गत आर्थिक वर्षको पहिलो तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा भन्सार कार्यालयले रु २२ करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ ।

गत आर्थिक वर्षको असोजसम्म कार्यालयले रु ३८ अर्ब ८५ करोड ३१ लाख राजस्व सङ्कलन गरेकामा चालु आवको सोही अवधिमा कार्यालयले रु ३९ अर्ब सात करोड ३९ लाख राजस्व सङ्कलन गरेको हो ।

यद्यपि कार्यालयले चालु आवको असोजसम्म रु ५२ अर्ब ९९ करोड ६३ लाख राजस्व सङ्कलनको लक्ष्य लिएको थियो । हाल सङ्कलन भएको राजस्व लक्ष्यभन्दा २६ प्रतिशतले कम रहेको कार्यालयका सूचना अधिकारी राघुलाल कर्णले जानकारी दिनुभयो ।

गत आर्थिक वर्षको पहिलो तीन महिनामा कार्यालयले रु ५६ अर्ब ८४ करोड ६३ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा ३२ प्रतिशत कम राजस्व सङ्कलन गरेको थियो ।

***कार्यालयहरुको ...***

रहेको बताए ।

जिल्लाभरका सरकारी कार्यालयका प्रमुखहरुको सहभागितामा आयोजित बैठकमा प्रमुख जिल्ला अधिकारी मग्रातीले आ-आफ्नो कार्यालयबाट निष्पक्ष, विना कुनै लेनदेन र छिटो छरितो सेवा प्रदान गर्न कार्यालय प्रमुखहरुलाई निर्देशन दिए । उनले भ्रष्टाचार अन्त्य भए मात्र सुशासन कायम हुने भन्दै यसका लागि सबै कर्मचारी जिम्मेवार बन्नुपर्नेमा जोड दिए ।

***स्नातक तहका ...***

अंग्रेजी र नेपाली दुवै भाषामा प्रश्नोत्तर तयार पार्ने निर्णय गरेको थियो । उक्त निर्णय आगामी वर्षको परीक्षादेखि नै अनिवार्य रूपमा लागू गर्न लागेको हो ।

उक्त व्यवस्था क्रमशः दोस्रो, तेस्रो र चौथो वर्षमा समेत लागु गरिने त्रिविले जनाएको छ । त्यसबारे त्रिविले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई जानकारी गराएको छ । मन्त्रालयलाई एक पत्र लेख्दै त्रिविले पहिलो चरणमा हाललाई शिक्षा शास्त्र संकाय, मानविकी सङ्काय, व्यवस्थापन संकाय र कानुन संकायको स्नातक तहको परीक्षामा सोधिने प्रश्नहरू नेपाली र अंग्रेजी दुवै भाषामा सोध्ने प्रबन्ध मिलाइने जनाएको हो ।

त्रिविले अंग्रेजी भाषामा मात्रै प्रश्न पत्र निर्माण गर्दै आएको छ । नवनियुक्त उपकुलपति प्राडा केशरजंग बरालले स्नातक तहमा दुवै भाषामा प्रश्न पत्र निर्माण गर्ने निर्णय गरेका थिए । उक्त निर्णय तत्काल कार्यान्वयन गर्न सम्भव नदेखिएपछि त्रिविले आगामी वर्षदेखि लागू गर्न लागेको हो ।


नेपाल सरकार
भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय राजबिराज,सप्तरी
(भूमिसुधार शाखा)

प.सं. २०८१।०८२
च.नं. ३४४

मिति : -२०८१।०७।०२

विषय :- म्याद"प्रकाशन सम्बन्धमा

उपरोक्त सम्बन्धमा.यो छ कि , यस कार्यालयको मिती २०८१।०६।२९ गते को आदेशानुसांर यो पत्र लेख्ने कार्य भएको हो । अतः वादी किरण देवी सिंह र प्रतिवादी जि.स.गा.वि.स. मधेपुरा वार्ड नं. ३ बस्ने दिनानाथ सिंह-१ ऐ.ऐ बस्ने मदन प्रसाद सिंह-१ ऐ.ऐ बस्ने उपेन्द्र प्रसाद सिंह-१ ऐ.ऐ बस्ने वदनी देवी सिंह-१, ऐ.ऐ वस्ने वच्चु सिंह-१ समेत ५ जना नाममा जग्गा धनी किरण देवी सिंह नाम दर्ताको जि.स.गा.वि.स. बसविट्टी वार्ड नं. १ को कि.न.३२ को ३-७-६ जग्गामा मोही दर्ता प्रमाण पत्र शुन्य वदर मुद्दामा म्याद प्रकाशन भएको मितीले बाटोको म्याद वाहेको १५(पन्ध्र) दिने म्याद प्रकाशन गरि दिनु हुन अनुरोध छ ।

नायब सुब्बा



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*